फालेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)

थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल

## डाईभर्सन निर्माण सम्बन्धी सार्वजनिक सूचना
## (प्रथम पटक प्रकाशित मितिः २०८०/०३/१७)

प्रस्तुत विषयमा फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मितिः २०८०/०३/१५ गतेको निर्णय बमोजिम फालेलुङ गाउँपालिकामा मितिः २०८०।०३।०२ गतेबाट आएको अविरल बर्षाको कारण क्षति भएका मोटरेबल पुलहरुको विकल्पमा देहाय बमोजिमका स्थानमा डाईभर्सन/कल्भट निर्माण गर्नका लागि लागत अनुमान स्वीकृत भईसकेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ तथा फालेलुङ गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मितिः २०८०।०३।०४ गतेको बैठकको निर्णय बमोजिम तत्काल निर्माण नगर्दा सार्वजनिक सुरक्षा हित तथा सामुदायिक स्वास्थ्यमा समेत संकट पर्नुका साथै फालेलुङ गाउँपालिकालाई शहरी क्षेत्रसँग जोड्ने ताप्लेजुङ जाने मेचि राजमार्गको हेवाखोलाको पुल समेत बाढीले बगाई सदरमुकाम तथा शहरी क्षेत्रसँगको सम्पर्क टुटेकोले उक्त स्थानमा प्रचलित नियमानुसार स्थानीय रुपमा उपलब्ध हुने निर्माण सामाग्री र श्रमदान बाहेक लाग्ने निर्माण सामाग्रीको रकम तथा जटिल कार्यको लागि काम गर्ने दक्ष कामदारको रकम मात्र भुक्तानी हुने गरी कल्भर्ट/डाईभर्सन निर्माण गर्नुपर्ने भएको हुँदा सबै सरोकारवालाहरु तथा मौजुदा सूचीमा सूचिकृत एवं अन्य ईच्छुक निर्माण व्यवसायीहरुलाई लिखित दरभाउपत्र माग गरी पेश गर्ने प्रयोजनका लागि समेत सबैको जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

| क्र.सं. | निर्माण गरिने कार्यको विवरण | स्थान/क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | घुमाउनेटार डाईभर्सन ह्युम पाईप कल्भट निर्माण | फालेलुङ ३ र ७ को हेवाखोला घुमाउनेटार आसपास | |
| २. | मच्छेबुङ डाईभर्सन ह्युम पाईप कल्भट निर्माण | फालेलुङ ३ र ५ को हेवाखोला | |
| ३. | सोमबारे ह्युम पाईप कल्भट निर्माण | फालेलुङ ४ र ५ को सोमबारे आसपास | |

**नोटः** दरभाउपत्र पेश सम्बन्धी जानकारीका लागि यस कार्यालयको मोबाइल नं. ९८५२६८४४२२५ तथा ९८५२६८४१०६ मा सम्पर्क गर्न सकिनेछ ।

.................................
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौं, नेपाल ।

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत